Volume 1, Issue 1, 2026. pp. 97–103
Research Article

Academic Journal of Simara

# माधव प्रसाद घिमिरेको "पापिनी आमा" खण्डकाव्यमा मातृध्वनि

**सीता अधिकारी**
नेपाली विभाग, सिमरा कलेज

**लेखसार**

'ध्वनि' आवाज हो। मानिसले आफ्नो परिस्थितिअनुसार ध्वनि प्रवाह गर्ने गर्दछ। ध्वनि विद्यमान समयमा मात्र होइन, प्राचीन समयदेखि प्रचलनमा आएको हो। ध्वनि मानवको विचारलाई बाहिर निकाल्ने एउटा माध्यम पनि हो। पूर्वीय साहित्यमा ध्वनिवादको मूल आधार काव्यको व्यञ्जना शक्तिलाई मानिएको छ। ध्वनि शब्दको व्युत्पत्तिगत अर्थ खोज्ने हो भने पनि जसले ध्वनित गर्छ वा गराउँने शब्द ध्वनि हो। ध्वनिमा रस, भाव, अलंकार वस्तु आदि प्रकटीकरण हुन्छ। यो समाजमा हरतरहका मानिस रहेका हुन्छन्। बालबालिका, युवा र वृद्धवृद्धा सबै हुन्छन्। उनीहरूको आफ्नो जीवन हुन्छ। त्यो जीवनलाई सहजता प्रदान गर्न ध्वनिको आवश्यकता पर्दछ। मान्छेले आफ्नो विचारलाई गहन तरिकाले बाहिर प्रकट गर्न सक्नु नै ध्वनिवाद हो। गुणात्मक अध्ययन विधिको प्रयोगमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरी समस्यालाई उठान गर्ने कार्य भएको छ। सामाजिक र साँस्कृतिक समस्याका बाबजुद एउटी आमा हृदय आफ्ना सन्तानलाई जीवित राख्न जुनसुकै शक्तिसँग लड्न पनि तयार हुने कुरा खण्डकाव्यमा प्रस्तुत भएको छ। आमाका लागि आफ्नो सन्तानभन्दा ठुलो अरू केही हुँदैन। समाजको डरले आफ्नो सिर्जनालाई जमिनमा गाड्न विवश आमाहरु थुप्रै छन् यस धर्तीमा तर पनि उनीहरू भित्रको मातृ हृदयले कहिल्यै पनि आफ्नो सन्तानबाट टाढा रहुँ भन्ने सोचेका हुँदैनन्। माताको ममताले आफ्नो सन्तानलाई सधैँ छातीमा टाँसेर राख्न खोज्ने ध्वनि प्रस्फुटन भएको छ भन्ने निचोड नै प्रस्तुत लेखको मूल प्राप्ति हो।

*मुख्य शब्दावली* : प्रस्फुटन, सृष्टि, विशिष्ट, सम्बन्ध, असामान्य, मातृशक्ति

**Article Info .**

**Article History**
**Received:** 2026 January 12
**Accepted:** 2026 February 07

**Email**
adhikarirs1234@gmail.com

**Cite**
Adhikari, S. (2025) . माधव प्रसाद घिमिरेको 'पापिनी आमा' खण्डकाव्यमा मातृध्वनि. *Academic Journal of Simara*, *1*(1), 97–103.

## विषय परिचय

राष्ट्रकवि माधवप्रसाद घिमिरे काव्य जगतका सिद्धहस्त काव्यकार हुन्। विषयवस्तुलाई कलात्मक तरिकाले प्रस्तुत गर्दै प्रभावकारी भाव सम्प्रेषण गर्न काव्यकार घिमिरे सिपालु देखिन्छन्। झिनो कथावस्तुमा पनि अति शक्तिशाली काव्यात्मक मूल्य र भावनात्मक विम्बको सिर्जना संयोजन गरी आफ्ना काव्यलाई लेखनीका माध्यमबाट उत्कृष्टता प्रदान गर्नु काव्यकार घिमिरेको विशिष्ट पहिचान हो। यिनै विशिष्ट पहिचानले गर्दा नै नेपाली काव्य जगतमा घिमिरे सर्वोत्कृष्ट हस्ति मानिएका छन् भने राज्यले घिमिरेलाई राष्ट्रकविको उपाधिले सम्मान समेत गरेको छ।

माधव प्रसाद घिमिरेद्वारा विभिन्न खाले काव्यको रचना भएको छ। यस्तै विभिन्न खण्डकाव्यको रचना भएको छ। त्यसमा 'पापिनी आमा' पनि एक हो। एउटा बाल विधवा महिलामा पलाएको यौनेच्छाले साकार रूप लिँदा तत्कालिन समाजले अस्वीकार गर्ने भएका कारण उनीमा असामान्य व्यवहारका लक्षण देखा परेको दृष्टान्त प्रस्तुत गरिएको छ। सोही कारण आफैँले जन्माएको बच्चालाई मार्न


Copyright©2026: Author(s). Published by Simara College

एउटी आमा विवश बनेकी छिन्। ती विवश आमाको हृदयले आफ्नो बालक मार्न नसकी चिहान खोतलेर बालकलाई छातीमा टाँसेको हृदयविदारक दृश्य काव्यमा झल्काइएको छ। काव्यमा सृष्टिको मातृशक्ति उठेको देखाइएको छ। यही मातृ शक्तिको कारुणिक आवजलाई मातृध्वनि अर्थात् ध्वनिवाद (ध्वनि रस) को सन्दर्भमा समीक्ष गर्नु उपयुक्त भएकाले यस प्रसङ्गमा उक्त कृतिको समीक्षात्मक अध्ययन गर्ने प्रयास गरिएको छ।

**कृतिका आलोकमा काव्यकार:**

काव्यकार माधव प्रसाद घिमिरे (वि. सं १९७६–वि.सं २०७७) एक सय एक वर्षको दीर्घजीवन बाँचेर आठ दशकभन्दा बढी नेपाली साहित्यको सेवा गरी नेपाली साहित्यको फाँटमा विशिष्ट योगदान दिने साहित्यिक प्रतिभा हुन्। जीवनको लामो साहित्य यात्रामा उनले सदैव समयका चापहरूलाई सुन्दै पछ्याउँदै आफूलाई त्यसैअनुरूप आफूलाई अगाडि बढाइरहे तर आफ्नो मूल मर्म कहिल्यै छोडेनन्। नेपाली साहित्यमा आधुनिक कालखण्डका विशिष्ट प्रतिभा मानिने काव्यकार घिमिरेले नेपालको राजनीतिक परिवर्तनले ल्याएका समयचक्रमा समाहित हुँदै आफ्नो लामो साहित्ययात्रा सफलतापूर्वक सम्पन्न गरे। उनी नेपाली साहित्यका त्यस्ता प्रतिभा हुन् जसको नाममा छुट्टै युग कहिल्यै मानिएन तर उनको कवितायात्रा सुरु भएदेखि उनी बाँचुन्जेल प्रत्येक कालखण्डमा उनी सदैव अग्रणी र प्रतिनिधि कविका रूपमा सम्मानित रहिरहे।

काव्यकार घिमिरेको प्रथम प्रकाशित रचना वि.सं.१९९२ सालमा गोरखापत्रमा प्रकाशित ज्ञानपुष्प शीर्षकको कविता रचना थियो भने वि.सं. १९९४ सालमा प्रकाशित नवमञ्जरी उनको प्रथम प्रकाशित कवितासङ्ग्रह थियो। (प्रभात, (सम्पा.), २०७०, पृ.४०१)। त्यसपछि उनले निरन्तर फुटकर कविता र खण्डकाव्यात्मक प्रबन्धकाव्यहरूको लेखन गरिरहे तर पुस्तकाकार कृति भने २०१२ सालपछि मात्र प्रकाशित हुँदै आएका देखिन्छन्। कवि माधवप्रसाद घिमिरेले लोकलय र शास्त्रीय छन्दमा मात्र गीत र कविताहरू रचे। उनका केही गीतिनाटक पनि प्रकाशित छन्। शास्त्रीय छन्दका कविता र खण्डकाव्यहरू उनका प्रमुख काव्यिक उपलब्धि हुन्। नयाँ नेपाल (२०१३), गौरी (२०१५), पापिनी आमा (२०१७), राजेश्वरी (२०१७), राष्ट्रनिर्माता (२०२३), धर्तीमाता (२०३०), राहुल यशोधरा (२०३५), बालकुमारी (२०४०), गौँथली र गजधम्मे (२०५७), र इन्द्रकुमारी (२०५७) गरी उनका करिब एक दर्जनखण्डकाव्यहरू प्रकाशित छन् भने उनले १९९६ सालमा कृष्णभक्ति, १९९८ सालमा जीवन सङ्गीत र१९९९ सालमा सुदामा चरित्र शीर्षकका खण्डकाव्य पनि लेखेका थिए तर ती प्रकाशित भएनन् भन्ने जानकारी पनि पाइन्छ (पोखरेल, २०३९, पृ.८२)। यसबाहेक उनका शकुन्तला (२०३२), मालती मंगले (२०३५), विषकन्या (२०५०), देउकी (२०५०), अश्वत्थामा (२०५३) र हिमालपारि हिमालवारि (२०५४) गरी आधा दर्जन गीतिनाटक प्रकाशित छन्। कविता, खण्डकाव्य, गीत र गीति नाटकबाहेक उनले निबन्ध र कथाहरूको सिर्जना गरेर पनि नेपाली साहित्यमा उल्लेखनीय योगदान दिएको पाइन्छ।

## समस्याकथन र उद्देश्य

काव्यकार माधवप्रसाद घिमिरेद्वारा रचित पापिनी आमा खण्डकाव्यमा प्रयुक्त पात्र महेश्वरीले मानिसका मनुष्य विरोधी नियमलाई वास्ता नगरी एक शिशुलाई जन्म दिएको त्यही मातृशक्तिको संकेतमा आफ्नो काखको शिशुको निम्ति सारा विरोध र अवरोधलाई ध्वनि गर्जनाका साथ चुनौति दिन तयार रहेको बारेमा विश्लेषण गर्नु अनुसन्धानात्मक लेखको समस्या हो। यो लेखको उद्देश्य कसरी एउटी आमाले आफ्नो सन्तानका लागि जुनसुकै कष्ट सहन पनि तयार हुन्छे र मानिसका मनुष्य विरोधी नियमलाई चुनौति दिँदै कसरी आवाज उठाउँछे भन्ने दुई प्रश्नमा केन्द्रित रहेर काव्यको वैशिष्ट्य केलाउनु रहेको छ।

## सैद्धान्तिक ढाँचा र सामग्री सङ्कलन

यस अनुसन्धधानात्मक लेखका निमित्त प्राथमिक र द्वितीयक स्रोत सामग्रीहरुको उपयोग गरिएको छ। प्राथमिक स्रोतको सामग्रीको रुपमा विवेच्य कृति पापिनी आमा खण्डकाव्यलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा ध्वनिवादसम्बन्धि विभिन्न लेख रचना, पुस्तकहरू साथै विवेच्य कृतिसम्बन्धी लेखिएको लेख रचना समेतलाई उपयोग गरिएको छ। कृतिको विश्लेषणका निम्ति

ध्वनिवादको मुख्य सिद्धान्तको आधार मानिएको छ। यसको विश्लेषण कृतिपरक रहेको छ।

**मातृध्वनि/ध्वनिवाद :**

'ध्वन' धातुमा 'इ' प्रत्यय लागेर ध्वनि शब्द बनेको हो । ध्वनिको अर्थ वृहत् नेपाली शब्दकोशमा कानले सुन्न सकिने वा सुनिने विषय, श्रवर्णेन्द्रीयको विषय, आवाज, शब्द, कुनै कथन वा उक्तिको वाच्यार्थ तथा लक्ष्यार्थलाई छाडेर अर्थभित्र पनि लुकेर रहने चमत्कारी अर्थ, गूढार्थ, व्यङ्याग‌ार्थ, ध्वन्यार्थ, मुखबाट उच्चरित हुने आवाज भनि अर्थ्याइएको छ (बन्धु, २०४०: ६६० )।

सर्वप्रथम ध्वनि शब्दको प्रयोग काव्य सिद्धान्तका रुपमा ध्वन्यलोकमा गरियो । ध्वनिवादको मूल आधार व्यञ्जना शक्तिलाई मानिएको कुरा पूर्वीय साहित्य शास्त्रमा उल्लेख छ। यसको सैद्धान्तिक व्याख्या सर्वप्रथम इस्वीको नवौँ शताब्दिमा आचार्य आनन्दवर्धनले ध्वन्यलोक नामक कृतिमा गरेको पाइन्छ । आचार्य आनन्दबर्धनर्लाृ नै ध्वनि सिद्धान्तका व्याख्याता एवं प्रवर्तक मानिन्छ। आनन्दवर्धनले आफ्नो ग्रन्थ ध्वन्यलोकमा ध्वनिलाई काव्यको आत्मा मानेका छन् । यो कुरा उनका अनुयायी अभिनव गुप्तले ध्वन्यलोकको लोचन टीकामा स्पष्ट पारेको देख्न सकिन्छ (आनन्दवर्धन, २००६: २) । यस्तै आचार्य मम्मटले पनि ध्वनिको अपरीहार्यता जनाउँदै आफ्नो लक्षणग्रन्थ काव्य प्रकाशनमा काव्यको वैशिष्ट्य भनेकै ध्वनि भएको प्रकाश पारेका छन् । यस्तै आचार्य विश्वनाथले साहित्य दर्पण र आचार्य जगन्नाथले रस अलङ्कार जस्ता लक्षण ग्रन्थहरुमा ध्वनिको महत्त्व दर्शाएको पाइन्छ। यसैबाट उनीहरूले ध्वनि चिन्तनलाई विकसित गरेको पनि देखिन्छ।

वैयाकरण पतञ्जलिले महाभाष्य ग्रन्थमा प्रतीत ध्वनिलाई नै शब्द भनेका छन् साथै स्फोटाभिव्यक्तिको अन्तर उत्पन्न वैकृत ध्वनिलाई पनि ध्वनिको सङ्ग्या दिई यसरी परिभाषित गरेका छन् : "लोक प्रतीत पदार्थ : ध्वनि : शब्द" (ढुङ्गेल र अन्य, २०७४: १०० )।

ध्वनिवादी विद्वानहरूले ध्वनिलाई काव्य सिद्धान्तका रूपमा सर्वप्रथम ध्वन्यलोकमा **नै** प्रयोग गरेका थिए । उनीहरूले ध्वनि शब्दलाई व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्य अर्थ, व्यञ्जना शक्ति तथा व्यङ्ग्यप्रधान अर्थमा प्रयुक्त हुन्छन् भनेका छन् । ध्वनिवादका प्रथम प्रर्वतक आचार्य आनन्दवर्धनले ध्वनिका भेदलाई अविवक्षित वाच्य ध्वनि र विवक्षितान्यपरवाच्य ध्वनि भनि छुट्याएको पाइन्छ। अविवक्षितवाच्य ध्वनिलाई पनि अर्थान्तरसङ्क्रमित र अत्यन्ततिरस्कृत गरि ध्वनि परक गरिएको पाइन्छ भने विवक्षितान्यपरवाच्य ध्वनिलाई पनि असंलक्ष्यक्रम र संलक्ष्यक्रम गरि विभाजन गरिएको पाइन्छ । आचार्य जगन्नाथले अभिधामूलक ध्वनि र लक्षणामूलक ध्वनि भनि छुट्याएको देखिन्छ । अभिधामूलक ध्वनि अन्तर्गत रसध्वनि, अलङकारध्वनि र वस्तु ध्वनि भनि भेद परक गरिएको देखिन्छ । यस्तै लक्षणामूलक ध्वनिमा अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि र अत्यन्ततिरस्कृत वाच्य ध्वनि भनि छुट्याएको पाइन्छ। यस्तै अभिनव गुप्तका अनुसार ध्वनि रस ध्वनि, अलङ्कार ध्वनि र वस्तुध्वनि भनि ध्वनिलाई भेद गरिएको देखिन्छ।

अ) **रस ध्वनिः** जुन काव्यकृतिमा रस नै मुख्य रुपमा अभिव्यक्त हुन्छ। त्यो नै रस ध्वनि हो । कुनै कृति पढ्दा वा श्रवण गर्दा कुनै न कुनै रसबोध हुन जान्छ त्यो नै रसध्वनि हो।

आ) **अलङ्कार ध्वनिः** जुन काव्यकृतिमा अन्य पक्षलाई भन्दा अलङ्कारीय पक्षलाई प्रमुखता दिइएको हुन्छ त्यो अलङ्कार ध्वनि कहलाउँछ।

इ) **वस्तुध्वनि** : विषयवस्तु नै प्रधान भएर व्यक्त हुने ध्वनि नै वस्तु ध्वनि हो। जुन कृतिमा विषयवस्तु वा विषयसम्बद्ध कुरा प्रमुख व्यङ्ग्य भएर अभिव्यक्त गरिन्छ भने त्यसलाई वस्तुध्वनि भनिन्छ।

यसमा खण्डकाव्यको पृष्ठभूमि, खण्डकाव्य संरचना, खण्डकाव्यभित्रको मातृध्वनि अर्थात ध्वनिवादको बारेमा विश्लेषण गरिन्छ।

**खण्डकाव्यको पृष्ठभूमि**

खण्डकाव्यको मूल सन्दर्भ बालविवाहसँग सम्बन्धित भएर आएको छ । नेपाली सामाजिक परिवेशको एउटा पाटो बालविवाह र त्यसले नेपाली सामाजिक परिवेशमा पारेको नकारात्मक प्रभावसँग जोडिएको छ। विवाह, स्त्री र

पुरुषबीचको पवित्र सम्बन्ध हो तर त्यस प्रकारका सम्बन्धको अर्थ नै नबुझ्ने अवस्थामा भएको विवाहको मूल्यको परिणामको रुपमा पनि काव्यकारले देखाउन खोजेका छन् । बालविवाहको प्रचलन अहिले आएर सहरी क्षेत्रमा नभए पनि अहिले पनि मधेसका धेरै गाउँहरुमा प्याप्त रहेको छ भने नेपाली सामाजिक पारिपाटीको ऐतिहासिक सन्दर्भमा यो प्रथाकै रूपमा विकसित भएको थियो। यतिसम्म कि विवाह भएपछि बालककालमै श्रीमानको मृत्यु भएपनि ऊ मृतक पतिको विधवा पत्नी भएर जीवन निर्वाह गर्नु पर्ने प्रचलन थियो । 'पापिनी आमा' सामाजिक विषयवस्तुमा आधारित काव्य हो । हुनत कुनै पनि कृति समाज भन्दा बाहिरको हुन सक्तैन तैपनि सामाजिक अन्तरवस्तुलाई हेर्दा नितान्त नेपाली सामाजिक परिवेशलाई आधार मानेर रचना गरिएको देखिन्छ । आमा पापिनी बन्नुले समाजमा त्यसको असर नराम्रै पर्ने हुँदा आमाको चरित्रले समाजको चरित्रलाई पनि उजागर गर्छ भन्न सकिन्छ किनकि आमाको त्यस प्रकारको चरित्र निर्माणमा कुनै न कुनै किसिमले समाजको भूमिका रहन्छ। 'पापिनी आमा' काव्य नेपाली समाजमा देखा परेको भुरणहत्याको संभावित दुर्घटना र त्यसबाट उत्पन्न हुनसक्ने प्रभावको धरातलमा रचिएको छ । यसका साथै आमा सृष्टिको मुहान हो । सिर्जना गर्नेले कहिल्यै पनि विनाश चाहँदैन भन्ने चेतना पनि काव्यमा प्रवाह भएको छ। यस्तै विषय वस्तु नै खण्डकाव्यको विषयवस्तुको पृष्ठभूमि रहेको छ।

### खण्डकाव्यको संचना

काव्यकार माधव प्रसाद घिमिरेको खण्डकाव्य 'पापिनी आमा' लघु आकारको संरचना भएको खण्डकाव्य हो । त्यसैले यसलाई प्रायले लघु खण्डकाव्य भनिनु उपयुक्त हुन्छ भनेका छन्। विद्वानहरूले पापिनी आमालाई खण्डकाव्यकै रुपमा लिएको पाइन्छ। केही विद्वानहरुले एकसय श्लोक भन्दा तलको आयाम भएको कुनै पनि कवितात्मक रचना खण्डकाव्य वा लघुखण्डकाव्य हुन सक्तैन भन्ने

मान्यता राखेको भएपनि धेरैजसो विद्वानहरूले खण्डकाव्यकै रुपमा स्वीकारेका छन् । वि. सं २०१० सालमा रचना भएको 'पापिनी आमा' २०१३ सालमा इन्द्रेणी पत्रिकामा प्रकाशित भएको पाइन्छ भने दोस्रो पटक 'राजेश्वरी' खण्डकाव्यसँगै प्रकाशित भएको देखिन्छ । प्रथमपटक प्रकाशित हुँदा ८५ फाँकीका १७० हरफ भएकोमा दोस्रोपटक प्रकाशित हुँदा दुई फाँकी हटाई ८३ फाँकी मात्र कायम गरिएको देखिन्छ (पोखरेल, २०५६:१) भनेर साहित्य सङ्ग्रहालय साहित्यिक पत्रिकामा माधव वियोगीले उल्लेख गरेको पाइन्छ। खण्डकाव्यकार घिमिरेले प्रचलित नियमानुसार श्लोकको व्यवस्थापन गर्न नसकेको देखिन्छ। झ्याउरे लयका कवितामा ४ हरफकै एक श्लोक मानिन्छ । तर कविले २ हरफलाई नै श्लोक मानेर त्यसै अनुरूपको श्लोक व्यवस्थापन गरेको देखिन्छ । यसलाई कमजोरी नभनेर नवीन प्रयोगका रूपमा लिन सकिन्छ। ४ हरफलाई श्लोक मानेर हेर्ने हो भने 'पापिनी आमा' लामो फुटकर कविताका जस्तै लाग्दछ। चरित्र र घटना दुवै पक्ष सबल भएको प्रस्तुत खण्डकाव्यको प्रबन्धात्मक व्यवस्थापन पक्ष पनि सशक्त भएर नै आएको देखिन्छ। खण्डकाव्यको सुरुवात पक्ष अर्थात् आदि, मध्य र अन्त्य यी तीन भागका बीचमा अन्तरसम्बन्ध रहेको पाइन्छ। हरेक श्लोक भावपूर्ण तथा ओजपूर्ण छन्। विषयवस्तुको संक्षेपीकरण गरिएको छ जसले भाव कसिलो बन्न गएको छ।

### खण्डकाव्यभित्रको मातृध्वनि (ध्वनिवाद)

आमा आफ्नो एक शिशुमा सिङ्गो संसार अडेको पाउँछिन् । मानिसका मनुस्य विरोधी नियमलाई काव्यकी प्रमुख पात्रले वास्ता राख्दिनन्। उनको आफ्नो शिशुप्रतिको सहानुभूति सर्वकाल सर्वदेश र सर्वमानवमा समान रुपले सञ्चरित गराउन सफल भएका छन् काव्यकार माधव प्रसाद घिमिरे। समाजका कतिपय मूल्य मान्यताका कारण महिलाहरूमा असामान्य व्यवहारका लक्षणहरू देखापर्दछन् भने पनि खण्डकाव्यभित्र उठेको मातृ स्वर एक शिशुको निम्ति छ। एउटा मुर्च्छित नारी त्यही मातृशक्तिको सङ्केतमा सहसा उठेर शिशुको निम्ति सारा विरोध र चुनौति दिन तयार हुन्छे।

*उभिएकी छु बालकलाई छातीमा टाँसेर*
*कसैको बुता वर्गत भए लैजाओ खोसेर* (श्लोक ७६)

एउटी आमा आफ्नो सन्तानको लागिलाई जस्तो सुकै परिस्थितिसँग सामाना गर्न तयार भएको अभिव्यक्ति यसमा प्रकट भएको छ । यसमा समाज जसले उसलाई पापिनी आमा बन्न बाध्य बनाए तिनीहरुलाई चुनौती दिँदै उसले आफ्नो नवजात शिशुलाई छातीमा टाँसेर चुनौति दिएकी छ। कसैको बल तागत र वर्गतले भ्याए आफूबाट खोसेर लैजान पनि व्यङ्ग्य गर्दै समाजलाई चुनौति दिएको यो हाँक नै मातृध्वनि अर्थात् हृदयबाट सञ्चरित ध्वनिवाद हो।

बालकप्रति युवतीको प्रेम छ। उसले बालकलाई हृदय दिएकी छ । ऊभित्र असीम पीडा छ । प्यारको छहारीमा उत्पन्न पीडाले ऊभित्र जीवनबोध पनि सल्बलाएको छ।

*मुटुको टुक्रा मशानमा लगी गाडेर गड्दैन*
*उधारी धर्ती पछाडि लाग्छ छोडेर छोड्दैन* (श्लोक ५९)

काव्यकारले काव्यमा आफ्ना सन्तान मुटुको टुक्राजस्तै हुन्छन् जुन एउटी आमाको हृदयलाई थाहा हुने कुरा व्यक्त गर्न खोजेका छन्। जसरी मुटुको अस्तित्व प्राणीको शरीरभित्र रहेर काम गरुञ्जेल मात्र रहन्छ भने मुटुको टुक्रालाई माटामा गाढेर गडिने वस्तु पनि होइन त्यो त भावनाको उद्वेग मात्र हो । मुटु शरीरका लागि अनिवार्य भए भैं जन्मेको बालक पनि आमाका निम्ति मुटु जत्तिकै महत्त्वपूर्ण अङ्ग जस्तै बनेको हुन्छ। बालकको मुख हेरेर नै आमाले सुन्दर भविष्यको सपना देख्छिन्। त्यो बालक जो आमाको मुटुको अंश वा प्राण बनिसकेको हुन्छ त्यो कतै छाडेर छाडिन्छ न गाडेर गड्छ । भावनामा मात्र होइन यथार्थमा पनि त्यो संभव छ भन्ने मातृ चेतना अर्थात ध्वनि काव्यमा प्रस्तुत भएको छ । खण्डकाव्यकार घिमिरेले मानवलाई अमर पार्न चाहन्छन् त्यसैले उनका अभिव्यक्तिहरू मानवको उत्थानसँग सम्बन्धित रहन्छन् । त्यसैगरी उनी सिर्जनालाई जीवन धर्म मान्छन्। जीवनमा ध्वंश होइन निर्माण गर्नुपर्छ भन्छन् उनी । प्रत्येक मानिस निर्माणमा रमाउन चाहन्छन् तर उचित वातावरणको अभावमा ऊ ध्वंशतर्फ उन्मुख भएको हुन्छ। दुःखकर्म सिर्जनाका विरुद्ध गरिने सबभन्दा ठुलो पाप हो । त्यसो त प्रकृतिले पनि ध्वंश र विनासलाई बोकेको हुन्छ। प्रकृति मानव क्रियाकलापसँगै रम्छ, उत्तेजित हुन्छ, विनासकारी बन्छ । यो तथ्यलाई 'पापिनी आमा' ले पनि देखाएको पाइन्छ। पतिको सतमा अटल रहेर जीवन जिईरहेका भएपनि समाजले विधवा नारीलाई अमङ्गल र ठानी दिन्छ। यस्तो कठिन जीवन बाँच्न वाधय भएकाहरुमा पनि आफ्नो कामवासना तृप्त गर्नका लागि समाजका नीच पुरुषहरू ललाइफकाई विधवाको सतीत्व हरण गर्छन् र आफू समाजमा छाती फुलाएर बाँच्छन् र नारीलाई नरकमा पुऱ्याउँछन्। अनि आमा बनेर पनि नारी पापिनी बन्न विवश हुन्छे। भयङ्कर डरलाग्दो कालरात्रीमा आफ्नो करतुत वा रहरको उत्तेजना छोप्नका निमित्त गएको युवतीमा आएको सकारात्मक सोचले उज्यालोको संकेत गरेको छ।

*विधुवा हो यो बालककालमै कपाल फुलेकी*
*तुलसी छाया मुनितर हुर्की बाईस पुगेकी* (श्लोकः १२)

एक्लो जीवन बिताउन बाध्य भएकी बाईस वर्षे तरुनीको भावना र मर्म नबुझी एक्कासी आरोप लगाई हाल्नुलाई राम्रो पक्ष भन्न मिल्दैन। सँगीसाथी काखमा सन्तान च्यापेर आफ्ना लोग्नेसित घुम्न गएको तथा एक आपसमा हाँसखेल ठट्टा गरेको देख्दा स्वाभाविक रूपमा यौनोत्तेजना प्रादुर्भाव हुनु र युवकका फकाइफुल्याईमा पर्नुपर्ने बाध्यता पनि छ । यसलाई नारीलाई मात्र चारित्रिक रूपमा दोष दिनुपर्ने अवस्था पनि होइन। यस काव्यको आसयलाई हेर्दा दोष त त्यसलाई मान्नुपर्छ जुन युवती घरमा आफ्ना सन्तान र लोग्ने हुँदाहुँदै परपुरुषगमन गर्दछे । जुन पुरुष आफ्ना सन्तान र श्रीमती साथमा हुँदा हुँदै पनि परस्त्रीसँग अवैध सम्बन्ध स्थापना गर्दछ। यहाँनेर स्मरणीय कुरा के छ भने युवतीलाई गर्भवती बनाउने युवक फरार छ। उसले एकातिर अर्काकी विधवा पत्नीको सतीत्व हरण गर्ने गल्ती गरेको छ । समाजमा युवतीलाई मुख देखाउन नहुने गरी छाडेर हिँडेको छ। यसमा नारीको भन्दा पुरुष दोषी देखिन्छ। तर काव्यमा समाजेल विधवा युवतीलाई लाञ्छना लगाएको पाइन्छ। यसकै शिकार वन्न बाध्य भएकी छन् युवती।

रस ध्वनिका दृष्टिले हेर्ने हो भने पनि 'पापिनी आमा' विभिन्न रसले युक्त देखिन्छ। काव्यमा श्रृङ्गार रस, रौद्र रस र करुण रसका भावहरु प्रशस्त पाइनछन्। यसैले यसलाई हृदयसंवेद्य काव्य पनि भनिन्छ । यसमा रहेका प्रत्येक श्लोकहरुले पाठकको हृदयलाई छोएर भावसञ्चार गर्न सफल भएका छन् । काव्यकी नायिका बाइस वर्षे युवती

विधवा भएको प्रसङ्गले हृदय छोएको छ भने खाल्डामा राखेको बालकलाई मातृहृदय पग्ली झिकेर काखमा च्यापेको दृश्यले पनि हृदय जस्तो सुकै कठोर मन भएको मान्छेको हृदय पनि नछुने कुरै हुँदैन त्यसैले पनि करुण रस ध्वनि काव्यमा प्रवाह भएकाले यो ध्वनिवादका दृष्टिले या भनौ मातृ ध्वनिका दृष्टिले उपयुक्त काव्यको रुपमा लिन सकिन्छ। साथै एउटी महिला बाल्यकाल मै पति गुमाउनु परेको पीडा साथै समाजको तिरस्कार सहेर बस्न बाध्य भएकीले पनि पाठकलाई यस काव्यले आकर्षित गर्दछ भने यौनतृप्तिका निम्ति परपुरुषसँग संभोग गरी गर्भवती भएको प्रसङ्गले पनि युवतीप्रति सहानुभूति देखाइएको प्रसङ्ग पनि छ।

बालक जन्मिसकेपछि त्रासैत्रासको बीचमा बालकलाई थाङ्नामा बेरी मशान घाटतिर युवती लाग्दाको अवस्थाले पनि एउटी आमाको छियाछिया भएको मनमा पनि त्यो आँट, साहस र धैर्यतालाई मातृत्वले ढाकेको आभास हुन्छ। खाल्डामा राखेको बालकलाई काखमा च्यापेर घरतर्फ फर्केपछि युवतीका अगाडि आउने चुनौतिलाई पार लगाउन सक्छु भन्ने हुँकार एउटी आमामा देखिएको छ। एउटीमा आमाको आँखामा बलेको विद्रोहको ज्वाला देखेर आकाशमा गड्याङ्गुडुङ् गरेर सबैलाई तर्साउने विजुली पनि डराएको अवस्था छ भने गर्जन गर्ने आकाशको धवनि शून्यमा विलाएको छ। आँधीको वेग थामिएको छ। पानीको वाछिटा रोकिएको छ। माताको ममताले प्रकृतिमा फूल फुलेको छ । आमा आफ्नो प्राणभन्दा प्यारो सन्तानलाई आफ्नो छातीमा टाँस्छिन्, हृदयभरिको माया पोखाउछिन्।

*लट्टाको पानी टप्टप झर्छ भुइँमा चुहेर*

*आमाले दिन्छिन् बालकलाइ्र हृदय दुहेर* (श्लोक ८२)

खण्डकाव्यकार घिमिरेले 'पापिनी आमा' मा सिर्जनाशक्तिलाई बलियो देखाएका छन्। समाजले विधवा नारीलाई सृष्टिको अधिकार दिँदैन तर काव्यमा एक विधवा नारीले बालकको सिर्जना गरेकी छन्। नारीभित्रको सिर्जनात्मकताले जितेको अवस्था छ । 'पापिनी आमा' काव्यमा मा मूलतः एउटी आमाको मनस्थितिको सृजनशील चाहनालाई उजागर गरिएको पाइन्छ । जस्तो सुकै परि स्थितिमा पनि सन्तान प्रतिको स्नेह कहिल्यै हार्दैन भन्ने कुरा काव्यमा प्रस्तुत गरिएको छ।

*एक्कासी आमा बालकलाई च्यापेर उठ्दछिन्*

*पृथ्वीकी ज्वाला बज्रको ध्वनि सुनेर फुट्तछिन्*

(श्लोक ७१)

काव्यकारले जन्मेको कुनै पनि शिशुलाई बाँच्न पाउने मानव अधिकारबाट वञ्चित गरिनु हुँदैन भन्ने मानवीय चेत पनि काव्यमा प्रस्तुत गरेका छन्। साथै नारी अर्थात आमा सिर्जनाकी प्रबल मुहान भएकाले उनमा सिर्जनाशक्ति कहिल्यै हार्दैन। नारीको मातृहृदय आफ्नो सन्तानका लागि जस्तोसुकै आवाज अर्थात् ध्वनि उठान गर्न तत्पर रहन्छ भन्ने चेतना पनि काव्यमा प्रवाह भएको छ।

यसरी हेर्दा पापिनी आमा खण्डकाव्यमा विसङ्गति मात्र होइन। यो काव्यलाई गहनरुपमा हेर्ने हो भने एउटी नारीले आफ्ना सन्तानका लागि जस्तोसुकै परिस्थितको सामना गर्न तयार हुन्छे। ऊ समाजका हर व्यक्तिसँग जुध्न सक्छे। सन्तानकै लागि जस्तोसुकै आवाज उठाउन तयार हुन्छे र हर चुनौतिसँग लड्न तयार हुन्छे भन्ने कुरा व्यक्त भएको छ। यसले उठान गरेको चेतना (ध्वनि) लाई सबैले गहन रूपले लिनुपर्ने देखिन्छ।

मिश्रा (२०२२) को पूर्वीय दृष्टिकोणबाट तुलनात्मक मूल्याङ्कन सम्बन्धी सन्दर्भ ग्रन्थले पूर्वीय दार्शनिक ढाँचाको आधारमा तुलनात्मक साहित्यिक मूल्याङ्कनका लागि सुदृढ वैचारिक मार्ग प्रस्तुत गरेको छ। यस कृतिले नेपाली पाठहरूलाई संस्कृत, पाली तथा अन्य क्षेत्रीय साहित्यिक परम्परासँग तुलनात्मक अध्ययन गरी गहिरो सांस्कृतिक तथा बौद्धिक अन्तर्दृष्टि प्राप्त गर्न सक्षम बनाउँछ।

त्यसैगरी, मिश्रा (२०१९) ले नेपाली आयोजना व्यवस्थापन अभ्यासमा मूल्य व्यवस्थापनको अध्ययन गर्दै नेपाली व्यवस्थापन विमर्शमा मूल्य इञ्जिनियरिङसम्बन्धी शब्दावलीको एकीकरण तथा निर्माण साहित्यमा प्राविधिक अवधारणाहरूको भाषिक रूपान्तरण प्रक्रियालाई उजागर गरेका छन् । यसले नेपाली भाषामा प्राविधिक तथा व्यवस्थापकीय शब्दावली विकाससम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई प्रेरणा प्रदान गर्दछ।

अर्कोतर्फ, मिश्रार र अन्य (२०२५) को कर्मचारीका लागि कृत्रिम तथा भावनात्मक बुद्धिमत्ता सम्बन्धी कृतिले कृत्रिम बुद्धिमत्ताको सन्दर्भमा नेपाली भावनात्मक शब्दावलीको अध्ययनका लागि अन्तरविषयक अनुसन्धानको आवश्यकता औंल्याएको छ । विशेषतः कविता, कहावत तथा कार्यस्थल सञ्चारमा भावनात्मक अभिव्यक्तिको विश्लेषण गर्दै परम्परागत रस सिद्धान्तलाई आधुनिक संगणकीय भाषाविज्ञानसँग जोड्ने अध्ययनको औचित्य स्थापित गर्दछ।

## निष्कर्ष

प्रस्तुत काव्य पापिनी आमालाई संस्कृत काव्य चिन्तनको एक सिद्धान्तको रूपमा विश्लेषण गरिएको छ। यसरी हेर्दा यो मूल्याङ्कन तथा मूल्य निर्णय गर्ने ध्वनिवाद तथा यसका प्रतिमानका आधारमा पनि अध्ययनीय छ भन्ने लाग्दछ । काव्य रचनाका क्रममा काव्यकारले समाजका यथार्थपरक कुराहरुलाई दर्शाइ समाज सुधारको लागि ध्वनि अर्थात आवाज गुञ्जयामान बनाउनुपर्दछ । मानिसलाई मनुष्य विरोधी नियमबाट क्रान्ति गर्न आह्वान गनुपर्दछ । जसरी आफ्ना सन्तानका लागि आमा हृदयको आवाज चर्किउको छ। त्यसैगरी समाजमा जकडिएर रहेका मनुक्ष्य विरोधी नियमलाई जरैबाट उखेलेर फाल्नुपर्दछ भन्ने ध्वनि प्रतीयमान भएको छ। काव्यकार घिमिरले पापिनी आमा खण्डकाव्यमा खण्डकाव्यकी प्रमुख पात्र एवं नायिका महेश्वरीको बालिका अवस्थामा नै विवाह भएको र विधवा हुन पुगेको उल्लेख गरेका छन् । वैधव्यको पीडा सहँदै यौवनावस्थामा पुगेकी महेश्वरी आफ्नो यौनेच्छाकै कारण समाजको नजरमा सामाजिक मर्यादाको सीमा नाग्न पुग्नु र समाजले उसलाई पापिनी आमा बन्न बाध्य बनाउनु जस्ता कुरा काव्यमा प्रस्तुत भएको छ। एउटी आमाको मातृ हृदयले के चाहन्छ ? भन्ने कुरा यो समाजका मानिसहरुले नबुझ्दा एउटी आमा पापिनी बन्न पुगेकी छ तर उसको हृदयको ध्वनि सधैं आफ्ना सन्तानको लागि जुरमुराएर उठ्छ भन्ने देखाउनु नै प्रस्तुत अध्ययनको तात्पर्य रहेको छ। त्यसैले पापिनी आमा खण्डकाव्यको अध्ययन मातृध्वनि अर्थात ध्वनि परक अध्ययनमा केन्द्रित रहेको छ। वस्तुध्वनि, अलङ्कार ध्वनि र रस ध्वनिको सन्तुलित प्रयोग यस पापिनी आमा खण्डकाव्यमा देख्न सकिन्छ भने यी तीन तत्वको सन्तुलित प्रयोगले काव्यको भावपरकतालाई अझ सशक्त तुल्याएको पाइन्छ । तसर्थ ध्वनिका दृष्टिले अर्थात काव्यमा प्रस्तुत मातृध्वनि उच्चस्तरीय रहेको निष्कर्ष निकाल्न सकिन्छ।

## सन्दर्भसूची


अधिकारी, अनिल., अधिकारी, केशवप्रसाद. (२०८०). पिँगराको सुगा कवितामा ध्वनि. *Medha: A Multidisciplinary Journal*, *6*(1), 92–106. https://doi.org/10.3126/medha.v6i1.63961

कार्की, बिनोद. (२०२२) देवकोटाको लुनी गीतिकाव्यमा ध्वनिवाद. *Curriculum Development Journal*, *30*(44), 203–215. https://doi.org/10.3126/cdj.v30i44.55009

गौतम तारानाथ. (२०३७). *कवि माधव प्रसाद घिमिरेको जीवनी व्यक्तित्व* [अप्रकाशित शोध प्रबन्ध]।

घिमिरे, माधव प्रसाद. (२०१७). *राजेश्वरी खण्डकाव्य.* साझा प्रकाशन।

भण्डारी, पारषमणि र पौडेल माधव प्रसाद. (२०७०). *नेपाली कविता र काव्य,* विद्यार्थी पुस्तक भण्डार।

भट्ट, शान्ति (२०८१/२०२४). राजेश्वरी खण्डकाव्यमा ध्वनि. *के.एम.सी. नेपाली जर्नल,* ५(५), १५६–१६४. https://doi.org/10.3126/kmcnj.v5i5.73775

Mishra, A. K. (2019). Implementation status of value management in project management practice in Nepal. *International Journal of Management Studies*, *6*(1), 92–108. https://doi.org/10.18843/ijms/v6i1(1)/13

Mishra, A. K. (2022). *A reference book on comparative assessment from the eastern approach* (1st ed.). Intellectuals Book Palace. https://doi.org/10.5281/zenodo.7113124

Mishra, A. K., Nirubarani, J., Radha, P., Priyadharshini, R., & Mishra, S. (2025). *Artificial and emotional intelligence for employee*. Intellectuals' Book Palace. https://doi.org/10.5281/zenodo.14810072